## सम्बन्धविच्छेदपछि छोराछोरीको जिम्मा कसको हुन्छ ?




◆ पति, पत्नीबीच सम्बन्धविच्छेद हुँदा वा भिन्न हुँदाका बखत नाबालक छोराछोरी जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएको भए छोराछोरीको जिम्मा त्यसैअनुसार हुन्छ। त्यस्तो सहमति नभएमा पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मामा, पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मामा, दश वर्ष उमेर पूरा गरिसकेको नाबालक बाबु वा आमा कसको जिम्मा रहने हो भन्ने निर्णय गर्दा सम्बन्धित नाबालकको राय लिन सकिन्छ।



◆ नाबालक जिम्मा लिएको आमा वा बाबुले आफूले जिम्मा लिएको नाबालकको हेरचाह र स्याहार, सम्भार गर्नुपर्छ, नाबालक जिम्मा लिने आमा वा बाबुको भन्दा जिम्मा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने त्यस्तो आमा वा बाबुले त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारका लागि त्यस्तो आमाबाबुको सहमति बमोजिमको र त्यसरी सहमति हुन नसकेमा अदालतले तोकेबमोजिमको खर्च त्यस्तो नाबालकलाई उपलब्ध गराउनुपर्छ।

◆ आमाको जिम्मा रहेको नाबालकलाई बाबुसँग र बाबुको जिम्मा रहेको नाबालकलाई आमासँग समयसमयमा भेट गर्न वा आमा, बाबुको सहमतिमा केही अवधिको लागि साथमा रहन दिनुपर्छ।




◆ कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान, लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्धविच्छेद भएको पतिको आम्दानीको आधारमा खाने लगाउने खर्च भराई दिन सक्नेछ तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा वा पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनुपर्ने अवस्था हुँदैन।





# विवाह

## विवाह भनेको के हो ?



◆ विवाह पुरुष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हो ।

◆ कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति, पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। जुनसुकै किसिमबाट भएकोभए पनि विवाह भएपछि त्यस्तो वैवाहिकतालाई सार्वजनिक गर्नु वा गराउनुपर्दछ।

## विवाह गर्ने योग्यता




◆ विवाह हुनको लागि महिला र पुरुष हुनुपर्छ।

◆ महिला र पुरुष दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्दछ।

◆ महिला र पुरुषले एकअर्कालाई पति, पत्नीका रूपमा स्वीकार गरेको हुनुपर्छ ।तर विवाहको सहमति भए पनि द्विविवाह वा बहुविवाहलाई विवाहको मान्यता प्राप्त हुँदैन।

◆ महिला र पुरुष बिच हाडनातामा विवाह हुँदैन। आफ्नो वंशका सात पुस्तासम्मका सबै नातालाई हाडनाता सम्झनुपर्छ तर आफ्नो जातीय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नातासम्बन्ध रहेको हकमा भने विवाह गर्न वा गराउन सकिन्छ।

◆ महिला वा पुरुषले वैवाहिक सम्बन्ध कायम रहिरहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन।

◆ विवाह दर्ता गराउनुपर्दछ, तर दर्ता नगराएको कारणले मात्र त्यस्तो विवाहले कानूनी मान्यता नपाउने भन्ने हुँदैन।

## विवाह बदर गराउन सकिने अवस्था

- निम्न कुराहरू झुक्याई विवाह गरे वा गराएमा विवाह बदर गराउन सकिन्छ:-

क. शरीरमा मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु एच आई भी वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागको,
ख. यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित रहेको,
ग. पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,
घ. होस ठेगानमा नरहेको,
ङ. विवाह भैसकेको,
च. गर्भवती भएको,
छ. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।

## शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिन्छः

- कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबीच स्वत: विवाह भएको मानिन्छ।



तर जवरजस्ती करणी वा हाडनाता करणी बाट शिशु जन्मिएमा तथा कानूनबमोजिम विवाह गर्ने उमेर पूरा नभई वा बहुविवाह कायम हुने अवस्था भएमा शिशु जन्मिएको भए पनि पुरुष र महिलाबीच स्वत: विवाह भएको मानिँदैन।

## सम्बन्ध विच्छेद


पति, पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पतिपत्नीको सम्बन्धविच्छेद गर्न सक्छन्।









## मञ्जुरी नभए पनि सम्बन्धविच्छेद गर्न सकिने



- कानूनबमोजिम अंश लिई वा मानो छुट्टिई पति र पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको र पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पत्नी वा पतिले एक अर्कालाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पति वा पत्नीले एक अर्काको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग र पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा।
- पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

## सम्बन्धविच्छेद गर्नुअघि अंशबन्डा गर्नुपर्ने



- पतिको कारणबाट पति पत्नीबीच सम्बन्धविच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्धविच्छेद गर्नु अघि पति पत्नी बीच अंशबन्डा गर्न लगाउनु पर्छ।
- पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा सम्पत्ति रहेछ भने सम्बन्धविच्छेद हुनुअघि निजहरू बीच अंशबन्डा गर्नु पर्छ।
- पतिले नै बाबु वा अन्य अंशियारबाट अंश लिई नसकेको भए अदालतले सबैलाई अंश छुट्याई अंशबन्डा गराई दिन्छ। तर पत्नीले आफ्ना पतिको भागबाट मात्र अंश पाउँछ।
- अंशबन्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति, पत्नीबीच सम्बन्धविच्छेद गरी अंशबन्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्छ।
- पत्नीको कारणले सम्बन्धविच्छेद भएका अवस्थामा भने अंश दिन वा खर्च भर्न पति बाध्य हुँदैन।